# एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता कवितामा वर्चस्व

**अमृता शर्मा**
उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौँ
amritaregmi99@gmail.com

## सार

*प्रस्तुत लेखमा पारिजातको 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितालाई पाठका रूपमा लिई त्यस कवितामा प्रयुक्त वर्चस्वका विभिन्न अवस्थाहरूको विश्लेषणमार्फत कवितामा व्यक्त आर्थिक र सांस्कृतिक वर्चस्वको विश्लेषण गरिएको छ। यस सन्दर्भमा कविताको विश्लेषणका लागि आन्तोनियो ग्राम्चीले प्रस्तुत गरेको वर्चस्वसम्बन्धी मान्यतालाई विश्लेषणको आधारका रूपमा उपयोग गरिएको छ । यसका लागि आर्थिक वर्चस्व र सामाजिक-सांस्कृतिक वर्चस्व गरी दुईवटा पर्याधारहरूको निर्माण गरी पाठगत तथ्यहरूको विश्लेषण गरिएको छ । यस कवितामा नेपाली वर्गीय संरचनायुक्त समाजमा उच्च वर्गले निम्न वर्गका नारी र पुरुष दुवैमाथि सहमति तथा बल दुवैको प्रयोगमार्फत आर्थिक र सामाजिक-सांस्कृतिक वर्चस्व कायम गरेको विचार व्यक्त भएको छ । निम्नवर्गीय र निम्नजातीय नारीहरूमाथि यो वर्चस्वको अवस्था झनै उत्पीडनकारी रहेको चिन्तन व्यक्त भएको छ । यस कवितामा पितृसत्तात्मक वर्गीय समाजमा निम्नवर्गीय एवं निम्नजातीय नारीहरूमाथि कायम भएको वर्चस्व आर्थिक नियन्त्रणका आधारमा गरिएको नारीहरूको श्रमशक्तिको शोषणमा मूल रूपमा आधारित रहेको र यसलाई सामाजिक-सांस्कृतिक अधिरचनाहरूले तीव्र बनाएको चिन्तन प्रस्तुत गरिएको छ। यस कवितामा श्रमविभाजनको प्रक्रिया श्रमशक्तिको शोषणको आधार भएको र यसले मानव मानवबिच विभेदीकरणको पद्धति विकास गरेको हो भन्ने विचारलाई नम्नवर्गीय एवं निम्नजातीय नारीपात्रका अवस्था, उसका भनाई र विचारमार्फत व्यञ्जित गरिएको छ ।*

**शब्दकुञ्जी :** पितृसत्ता, वर्चस्व, विचारधारा, विभेदीकरण, सांस्कृतिक प्रभुत्व

## १. विषयपरिचय

प्रस्तुत अध्ययन पारिजातको 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा अभिव्यक्त वर्चस्वको विश्लेषणमा केन्द्रित छ। 'वर्चस्व' (hegemony) शब्दको प्रयोग सर्वप्रथम मार्क्सवादी चिन्तक आन्तोनियो ग्राम्चीले प्रयोग गरेका हुन्। यसले राज्यको संरचनामा मूलभूत रूपमा शासकवर्गीय प्रभुत्व वा वर्चस्वको केन्द्रीय भूमिका रहेको हुन्छ भन्ने मान्यता प्रस्तुत गरेको छ। वर्चस्व स्थापनाका लागि आधारका साथै अधिरचनाहरूको पनि सक्रिय भूमिका हुनुपर्छ। आधारका अधिरचना हुने हुँदा अधिरचनाको निर्मिति विचारधाराले गर्ने कुरामा ग्राम्चीको सहमति देखिन्छ । समाजमा विचारधारा राजनीतिक संस्था, धार्मिक प्रवचन, लोकगीत, मूल्यमान्यता, प्रचारवाजी जस्ता लोकप्रिय संस्कृतिका माध्यमबाट प्रवाहित हुन्छ र यसकै कारण शासक बर्गले जनतामा वर्चस्व कायम गर्दछ। ग्राम्चीले वर्चस्वको आधारका रूपमा 'राजनीतिक समाज' र 'नागरिक समाज'लाई लिएका छन्। उनका अनुसार राजनीतिक समाज र नागरिक समाजको एकत्व नै राज्य हो। राजनीतिक समाज उच्च वर्गको प्रतिनिधि हो भने नागरिक समाज निम्न वर्गको प्रतिनिधि हो। नेपाली समाजमा विद्यमान पितृसत्तात्मक सामन्तवादी उत्पादनव्यवस्थाले नेपाली समाजका निम्न वर्ग, क्षेत्र, जात, धर्म, संस्कृति र पहिचानका

उत्पीडित जनसमुदायमाथि विभिन्न आधारमा वर्चस्व कायम गरेको छ । निम्नवर्गीय, निम्नजातीय जनसमुदायमाथिको यो उच्चवर्गीय पितृसत्तात्मक दमन बलपूर्वक र सहमति दुवै आधारमा 'राजनीतिक समाज'ले गरेको हो ।

पारिजात (१९९०) नेपाली समाजको उत्पीडनका विविध यथार्थहरूलाई पहिचान गर्दै त्यसविरुद्ध सचेत र सशक्त आवाज उठाउने कवि हुन् । उनीद्वारा रचित *आकाङ्क्षा* (२०१५), *पारिजातका कविता* (२०४४) र *बैँसालु वर्तमान* (२०५०) कवितासङ्ग्रहमध्ये *बैँसालु वर्तमान* सङ्ग्रहका कविताहरूको वैचारिक आधार मार्क्सवाद हो । उनको यस कवितासङ्ग्रहमा सङ्गृहीत कवितामा सीमान्तीकृत वर्ग, लिङ्ग, क्षेत्र, जात र समुदायमाथि हुने सबै खालका शोषणको आधार वर्गीय व्यवस्थाद्वारा गरिएको आर्थिक र यसैद्वारा निर्मित भएको चिन्तन व्यक्त भएको छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा पितृसत्ताकेन्द्री वर्गीय व्यवस्थाले श्रमविभाजनमार्फत निम्नवर्गीय जनताहरूमाथि वर्चस्व कायम गरेको चिन्तन प्रस्तुत भएको छ । यी कवितामा निम्नवर्गीय जनतामाथिको पितृसत्तात्मक र वर्गीय वर्चस्वको मूल आधार आर्थिक र यसैसँग सम्बन्धित उपरिसंरचनाहरू भएको अन्तर्य प्रस्तुत भएको छ । यस अध्ययनमा प्रस्तुत कवितासङ्ग्रहमा सङ्गृहीत विभिन्न कविताहरूमध्ये 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा अभिव्यक्त आर्थिक र सामाजिक-सांस्कृतिक वर्चस्वको अध्ययन गरिएको छ। यस कवितामा निम्न वर्गका नारी र पुरुषमाथि भएका वर्चस्वका विभिन्न अवस्थाको विश्लेषणका साथै उत्पीडित महिलाहरूका प्रतिरोधी आवाजहरूको प्रतिनिधित्व कसरी र कुन रूपमा गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासा प्रस्तुत लेखको अध्ययनीय विषय हो । यस प्राज्ञिक जिज्ञासाको समाधानका लागि प्रस्तुत कवितामा निम्न वर्ग र विशेष गरी यस वर्गका नारीमाथिको वर्चस्वलाई कसरी हेरिएको छ र यी नारीहरूका अभिव्यक्तिमार्फत के सन्देश दिन खोजिएको छ भन्ने विषयको अध्ययन गरिएको छ। उपर्युक्त जिज्ञासालाई समाधान गर्ने उद्देश्यप्राप्तिका निम्ति प्रस्तुत कवितामा अभिव्यक्त आर्थिक र सामाजिक-सांस्कृतिक वर्चस्वका अवस्थाका साथै कवितामा प्रस्तुत विचारधाराको अध्ययन पनि गरिएको छ ।

## २. अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत अध्ययनका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न पारिजातको 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा व्यक्त भएका उच्चवर्गीय वर्चस्वसँग सम्बन्धित विषय, अनुभूति र चिन्तनलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका सामग्रीबाट प्राप्त भएका तथ्यको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षसम्म पुग्नका लागि आन्तोनियो ग्राम्चीले प्रस्तुत गरेका वर्चस्वसम्बन्धी मान्यता तथा यस मान्यताको विश्लेषण गरिएका अन्य सैद्धान्तिक र प्रायोगिक ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यी सामग्रीहरूको उपयोग गरी 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा अभिव्यक्त वर्चस्वको विश्लेषणका लागि आर्थिक वर्चस्व र सामाजिक-सांस्कृतिक वर्चस्व गरी दुईवटा पर्याधारका आधारमा पाठविश्लेषण विधिबाट कविताको अर्थापन गरिएको छ।

हेजेमोनी (hegemony) शब्दको प्रथम प्रयोग इटालेली मार्क्सवादी चिन्तक आन्तोनियो ग्राम्चीको *द प्रिजन नोटबुक्स*मा भएको छ । यो राज्यसत्ता र यसको स्वरूपलाई जनाउन यसको प्रयोग भएको शब्द हो । ग्राम्चीका दृष्टिमा शासकवर्गीय विचारधाराले प्रत्यक्ष बल प्रयोग गरेर मात्र होइन समाजका सांस्कृतिक विश्वासका माध्यमबाट पनि आफ्नो सत्ता र सत्ताको स्वरूपको रक्षा एवम् प्रयोग गर्छ । उनका अनुसार वर्चस्वको अवधारणा राजनीतिक दमन मात्र नभएर वर्गसमाजको विचारधारात्मक नेतृत्व पनि हो जसमा शासक वर्गका विचारधाराले विस्तार पाएको हुन्छ (Bocock, 1996, p. 16) । यसरी समाजमा आर्थिक आधार र बलप्रयोगका सामाजिक-सांस्कृतिक विचारधाराका माध्यमबाट पनि शासक वर्गले आफ्नो प्रभुत्व स्थापित गर्छ । दमनकारी समूहले विचारधाराको तहमा नियन्त्रण

गर्छ र यसका लागि सांस्कृतिक संस्थाहरू जस्तै शिक्षा, सञ्चार गृह, धर्म र कलासमेतको उपयोग गर्छ (Gramci, 1999, p. 202) अनि यसकै माध्यमबाट मानिसको विचारधारालाई परिवर्तन गरी शासन गर्दछ । उनले वर्चस्वलाई राजनीतिक, सांस्कृतिक वा बौद्धिक रूपमा कुनै पनि विचारधाराका माध्यमबाट सत्ताधारीले जनतामाथि दमन गर्ने अर्थमा प्रयोग गरी मार्क्सवादी सन्दर्भ प्रदान गरेका छन् (भट्टराई, २०७७, पृ. ३३) । वर्चस्वलाई स्पष्ट गर्नका लागि उनले 'राजनीतिक समाज' र 'नागरिक समाज' पदावलीको प्रयोग गरेका छन् । राजनीतिक नेतृत्व नै वर्चस्वको अभ्यासकर्ता हो भन्ने ग्राम्चीको धारणा छ । राजनीतिक समाज राज्यको नेतृत्व गरिरहेको वर्ग हो । राज्य वा राजनीतिक समुदायले आवाजविहीन र इतिहासविहीन वर्ग, जात, लिङ्ग, संस्कृति, धर्म, समुदाय र पहिचानका जनतामाथि आर्थिक, सांस्कृतिक, मनोवैज्ञानिक र विचारधाराका तहमा दमन गर्दछ । समाजमा उच्च वर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गरी प्रभुत्वको स्थापना गर्ने गर्दछन् भन्ने ग्राम्चीको मान्यता रहेको छ (पाण्डेय, २०७८, पृ. ५४) । ग्राम्चीले प्रयोग गरेको प्रभुत्वको अवधारणाले नागरिक समाज अर्थात् निम्नवर्गीय वर्चस्वको वकालत गर्दछ र यसका लागि उत्पादनव्यवस्था र उत्पादनशक्तिबिच अन्तर्विरोध एवम् एकत्वको अपेक्षा राख्दछ । यसरी हेर्दा ग्राम्चीको वर्चस्वको अवधारणा मार्क्सको सर्वहारावर्गीय अधिनायकत्वको परिभाषाभन्दा भिन्न देखिँदैन तर पछिल्लो समयमा ग्राम्चीको यस अवधारणालाई सांस्कृतिक अध्ययनका सन्दर्भमा 'सांस्कृतिक प्रभुत्व'को मान्यताका रूपमा विश्लेषण गरिएको छ । उनलाई वर्गनिरपेक्ष तुल्याएर सांस्कृतिक प्रभुत्वका व्याख्याताका रूपमा परिभाषित गरिएको छ । ग्राम्चीका मान्यताहरूलाई भौतिक स्थिति, आर्थिक सम्बन्ध र शक्तिबाट पृथक् राखेर 'सांस्कृतिक प्रभुत्व'को कुरा गर्नु भ्रमपूर्ण छ । उनले कतै सांस्कृतिक नेतृत्व नै प्रधान हो र आर्थिक राजनीतिक पक्ष केही होइनन् भनेका छैनन् (बराल, २०७७, पृ. १२२) । उनले वर्गलाई सवाल्टर्नका रूपमा चिनाएका छन् र उनीहरूको मुक्ति आमूल परिवर्तनकामी क्रान्ति सफल भएर सबाल्टर्नमैत्री सत्ता स्थापित भएपछि मात्र सम्भव हुने तर्क राखेका छन् (श्रेष्ठ, २०६८, पृ. २१) । यसरी हेर्दा ग्राम्चीको चिन्तनका केन्द्रमा पनि वर्ग नै छ वा आधारसंरचना नै छ, उपरिसंरचना होइन । नेपाली समाजमा उच्चवर्गीय वर्चस्वका प्रमुख आधार पितृसत्ताका जगमा खडा भएका सामन्तवादी र पुँजीवादी उत्पादनव्यवस्थाका साथै यिनै व्यवस्थाहरूले निर्माण गरेका सामाजिक-सांस्कृतिक व्यवस्था एवम् विचारधारा नै हुन् । यी व्यवस्थाहरूले निम्न वर्गको आर्थिक अधिकारको नियन्त्रणका आधारमा उनीहरूलाई अधीनस्थ तुल्याएका छन् । प्रस्तुत अध्ययनमा पाठविश्लेषणविधिमा आधारित रही 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा प्रयुक्त निम्नवर्गीय महिला र पुरुषमाथिका वर्चस्वका कारणको अध्ययन गर्नुका साथै त्यसका परिणतिको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ३. एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता कवितामा वर्चस्वको अवस्था

वर्चस्व शासन वा दमन हो । वर्गीय संरचनायुक्त समाजमा निम्न वर्गमाथि राज्यसत्ताको वर्चस्व कायम रहेको हुन्छ । यस समाजमा उच्च वर्गले निम्न वर्गलाई सबै पक्षबाट दबाब र दमनमा राखेका कारण निम्न वर्गहरू सीमान्तकृत अवस्थामा रहेका देखिन्छन् । उच्च वर्गले बलको प्रयोगबिना नै राजनीतिक र नैतिक बलमार्फत आर्थिक आधारहरूमाथि कब्जा जमाउँछ । त्यसैका आधारमा ऊ वर्चस्वको अधिकारी बन्दछ (Gramci, 1999, p. 202) । आर्थिक आधार हरूमाथिको नियन्त्रण नै वर्चस्वको मूल आधार हो । 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा नेपाली समाजको पितृसत्तात्मक वर्गीय उत्पादनव्यवस्थाद्वारा गरिएको निम्न वर्गमाथिको आर्थिक वर्चस्व नै उनीहरूमाथिको वर्चस्वको मूल आधार भएको अवस्थालाई कलात्मकतासहित चित्रण गरिएको छ । यस कवितामा मूल रूपमा नेपाली निम्नवर्गीय एवम् निम्नजातीय नारीमाथि वर्णव्यवस्था र लिङ्गव्यवस्थामा आधारित अर्थराजनीतियुक्त उत्पादनव्यवस्थाले आर्थिक र सामाजिक-सांस्कृतिक आधारमा वर्चस्व कायम गरेको अवस्थालाई देखाइएको छ । यस कवितामा निम्नवर्गीय एवं

निम्नजातीय नारी बाल्यकालदेखि अधबैंसे हुँदासम्म गर्भावस्था र प्रसवावस्थामा समेत साहुका घरमा अविश्रान्त काम गरिरहेको र तर त्यस श्रमको कुनै मूल्य प्राप्त नगरेको अवस्थालाई उच्चवर्गीय वर्चस्वका रूपमा देखाइएको छ । यस कवितामा राज्यव्यवस्थाद्वारा निर्मित र व्यवस्थित गरिएको यस वर्चस्वबाट निम्नवर्गीय नारी एवम् पुरुष दुवै प्रताडित रहेका तर नारीहरूमाथि भने यसका अतिरिक्त पितृसत्तात्मक वर्चस्व पनि कायम रहेको अवस्थालाई यहाँ निम्नवर्गीय निम्नजातीय नारी र पुरुष दुवैले साहुका घरमा काम गरेर नै जोबन फुलाएको अवस्था अभिव्यक्त छ। त्यसको कुनै मूल्य नपाएको सन्दर्भका साथै नारीहरूले घरपरिवारभित्र पनि आफ्ना श्रीमान्लाई ईश्वरका रूपमा पुज्नुपर्ने र साँझबिहान उसका गोडा पखालेको पानी खानुपर्ने तथ्यमार्फत देखाइएको छ। यस कवितामा निम्न वर्ग र निम्न जातका नारी तथा पुरुष दुवैमाथिका साझा वर्चस्वका साथै नारी भएकै कारणले भोग्नुपर्ने पितृसत्तात्मक वर्चस्वका कारण त्यस वर्ग र जातका नारीहरूको आर्थिक, सामाजिक अवस्था अत्यन्त पीडादायी भएको स्थितिलाई पनि देखाइएको छ। यस कवितामा चित्रित भएका निम्नवर्गीय एवं निम्नजातीय नारीमाथिका वर्चस्वका विभिन्न अवस्थालाई यहाँ अध्ययन गरिएको छ।

## ३.१ आर्थिक वर्चस्व

आर्थिक आधारमाथिको नियन्त्रण नै वर्चस्वको मूल आधार हो । श्रमको मूल्यमाथिको वास्तविक अधिकार पसिना बगाउनेहरू नै हुनुपर्नेमा त्यसमाथि नियन्त्रण गर्ने प्रक्रियाबाट नै वर्चस्वको मूलभूत आधार कायम भएको हुन्छ। 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा कविनिबद्ध वक्ताका रूपमा आएकी 'म' पात्रका माध्यमबाट नेपाली सामन्तवादी उत्पादनव्यवस्था र पितृसत्ताका आपसी गठजोडमा निर्मित भएको महिलामाथिको आर्थिक वर्चस्वलाई देखाइएको छ। यस कवितामा एउटी नामविहीन स्वास्नीमान्छेको संवादमार्फत उसको आर्थिक अवस्थाको चित्रण गरिएको छ । यसैमार्फत निम्नवर्गीय र निम्नजातीय नारीहरूमाथिको आर्थिक शोषणका स्वरूप तथा यसका कारणहरूलाई देखाइएको छ । यहाँ नारी पात्रले मालिक (?) सँगको संवादमा आफूले आजसम्म काम गरेको मात्र थाहा पाएको र त्यसका बदलामा दुःख मात्र पाएको थाहा पाएको जनाएकी छ। नारीमाथिको वर्चस्व उनीहरूको श्रमशक्तिमाथि रहेको उच्चवर्गीय नियन्त्रणमा आधारित भएको चिन्तन कवितामा यस प्रकार व्यक्त भएको छ :

ज्यू
काम गरेको मात्र थाहा छ
दुख पाएको मात्र थाहा छ
फाटेको चोलो र जडाउरी गुनिउँ
लगाएको मात्र थाहा छ। (पारिजात, २०५४, पृ. १२४)

उपर्युक्त कवितांशमा महिलाले जीवनभर काम मात्र गरेको र त्यसका बदलामा दुःख मात्र पाएको अवस्थालाई देखाइएको छ। कवितामा जीवनभरको अविश्रान्त श्रमका बदलामा केवल दुःख मात्र पाएको र 'फाटेको चोलो र जडाउरी गुनिउँ' मात्र लगाउन पाएको अवस्थाले निम्नवर्गीय नारीहरूले श्रमशक्तिको कुनै मूल्य प्राप्त नगरेको स्थितिलाई देखाउँछ। यहाँ आजीवन श्रममा नै जीवन बिताउँदा पनि सधैँभर दुःख मात्र पाउने र फाटेको जडाउरी मात्र लगाउन पाएको अवस्था निम्नवर्गीय नारीहरूको श्रमशक्तिमाथि उच्च वर्गको प्रभुत्वका कारण सिर्जना भएको हो । श्रममा नै जीवन बिताउने श्रमिकको अविश्रान्त श्रममाथि उच्च वर्गको नियन्त्रण भएकाले नै उनीहरू कामका बदलामा दुःख मात्र पाउन बाध्य भएका हुन् । उपर्युक्त कवितांशमा निम्न वर्गको श्रमशक्तिमाथि गरिएको नियन्त्रण नै उनीहरूमाथि कायम भएको आर्थिक

वर्चस्वको एक प्रमुख आधार भएको अवस्थालाई देखाइएको छ । जीवनभर अर्काका लागि काम गरेको र त्यसका बदलामा 'दु:ख मात्र पाएको' अवस्था निम्नवर्गीय र निम्नजातीय महिलाको श्रमशक्तिमाथि उच्चवर्गीय वर्चस्वको परिणति हो ।

'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा वर्चस्वले आर्थिक नियन्त्रणकै आधारमा निम्नवर्गीय नारीहरूको श्रमशक्तिका साथै उनीहरूको यौवनमाथि पनि नियन्त्रण कायम गरेको हुन्छ भन्ने विचार व्यक्त भएको छ । कवितामा स्वास्नीमान्छेको सम्पूर्ण जीवन र यौवन उच्च वर्गका लागि गर्नुपर्ने बिनामूल्यको श्रममा नै बितेको तथा यसकै लागि उसको यौवनसमेत सकिएको सन्दर्भमार्फत उनीहरूको श्रमशक्तिका साथै यौवनावस्थाका आकाङ्क्षा र चाहनामाथि पनि उच्च वर्गकै वर्चस्व कायम रहेको अवस्थालाई यस प्रकार देखाइएको छ :

जोबन सोध्नुभएको
त्यो त हजुर आएको गएकै थाहा छैन
खै जान्नेसुन्नेले भनेको
मेरो जोबन त जिम्मुवालको ऊ त्यो
गहुँबारीमा सप्रिसक्यो रे
उसैको करेसाबारीको सयपत्रीमा फुलिसक्यो रे ? (पारिजात, २०५४, पृ.१२४)

उपर्युक्त कवितांशमा आफ्नो यौवन आएको गएको आफैले थाहा नपाएको नारी पात्रको मार्मिक अभिव्यक्तिमार्फत आर्थिक शोषण निम्नवर्गीय नारीहरूका यौवनावस्थाका शारीरिक, मानसिक आकाङ्क्षा र आवश्यकतामाथि पनि वर्चस्व कायम गर्ने आधार हो भन्ने चिन्तन व्यक्त भएको छ । यहाँ निम्न वर्गको यौवन जिम्मुवालका बारीमा फुल्नु र उसैका करेसाबारीमा जोबन सप्रनु उच्चवर्गीय आर्थिक वर्चस्वकै परिणति हुन् । कवितामा गहुँबारीमा जोबन सप्रेको र करेसाबारीको सयपत्रीमा जोबन फुलेको बिम्बमार्फत उच्च वर्गले आर्थिक स्रोतमाथिको नियन्त्रणका आधारमा निम्न वर्गको श्रमशक्तिका साथै उनीहरूका शरीर र भावनामाथि समेत वर्चस्व कायम गरेको चिन्तन व्यक्त भएको छ । यहाँ उच्च वर्गले निम्न वर्गलाई श्रमको मूल्य नदिएका कारण नै उनीहरू जीविकोपार्जनका लागि हरपल श्रममा खटिनुपर्ने बाध्यता सिर्जना भएको हो र अर्काका गहुँबारीमा जोबन सपार्न बाध्य हुनुपर्ने अवस्था आएको हो ।

'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा वर्चस्वले आर्थिक स्रोतहरूमाथिको नियन्त्रणका आधारमा निम्नवर्गीय नारीहरूको प्रजननशक्तिमाथि पनि नियन्त्रण कायम गरेको हुन्छ भन्ने चिन्तन व्यक्त गरिएको छ । यस कवितामा नारीहरूमाथि यो वर्चस्व बलप्रयोग र सहमती दुवै आधारमा गरिएको अवस्थालाई देखाइएको छ । यसले निम्न वर्गका महिलाहरूलाई सन्तानोत्पादनका गर्भधारण, प्रसव जस्ता उचित स्याहारसुसार, पोषण र आराम पाउनुपर्ने संवेदनशील अवस्थामा कष्टकर श्रमप्रक्रियामा लाग्न बाध्य तुल्याएको छ जुन नेपाली पितृसत्तात्मक वर्गीय संरचनाले आर्थिक नियन्त्रणका आधारमा निम्नवर्गीय नारीहरूमाथि कायम गरेको वर्चस्वको परिणति हो । नेपाली समाजका निम्नवर्गीय नारीमाथिका वर्चस्वको यस स्थितिलाई कवितामा 'म' पात्रले भोगेका अवस्थामार्फत यसरी देखाइएको छ :

जै जन्म सोध्नुभएको
ज्यू यिनै दुइटा छोरा
च्याँसे र पुन्टे दुई वर्षको फरक छ
ढाँटेको भए यो आगो हातैमा छ हजुर !

यो च्याँसे मुखियाको घर बनाउने ढुङ्गा बोक्दाबोक्दै पाएकी
नाम्लो त थाप्लोमै थियो गाँठे
फरियामा पोको पारेर ल्याएँ
छाप्रोमा सालनाल काटेँ
फेरि मुखियाको धान गोड्दा गोड्दै हिलोमै जन्मियो पुन्टे !
हिलोमा जन्मिनेहरूलाई कहाँ लेखेको हुन्छ र सिमलको भुवा ? (पारिजात, २०५४, पृ. १२४)

उपर्युक्त कवितांशमा निम्नवर्गीय महिलाहरूका गर्भावस्था, प्रसवावस्था, सुत्केरी अवस्था जस्ता जीवनका अत्यन्तै संवेदनशील र कष्टकर क्षणमाथि पनि उच्च वर्गकै वर्चस्व रहने अवस्था देखाइएको छ । 'साहुको भारी बोक्दाबोक्दै नाम्लो थाप्लोमै राखेर' सन्तान जन्माउनुपर्ने पीडादायी अवस्था महिलामाथिको उच्चवर्गीय वर्चस्वको निकृष्ट स्वरूप हो । सन्तान जन्माउने जस्तो सीमातीत पीडादायी र कष्टप्रद क्षणमा ढुङ्गाको भारी बोक्न बाध्य तुल्याउने स्थिति पितृसत्ताकेन्द्री राज्यसत्ताको आर्थिक वर्चस्वको परिणति नै हो । सामाजिक विकासको निरन्तरताका लागि सन्तानोत्पादन जस्तो अत्यावश्यक, जटिल र संवेदनशील प्रक्रियामा सामेल भइरहदा समेत कष्टकर श्रमप्रक्रियामै लाग्न बाध्य तुल्याउने व्यवस्था निम्न वर्गमाथिको आर्थिक वर्चस्वमा आधारित छ । उपर्युक्त 'हिलोमा जन्मिनेहरूलाई कहाँ लेखेको हुन्छ र सिमलको भुवा ?' भन्ने कवितांशले निम्नवर्गीय नारीहरूले जन्माएका सन्तानलाई हिलो र माटोमा नै हुर्कन बाध्य तुल्याउने व्यवस्था 'सिमलको भुवा'मा रमाउनेहरू अर्थात् उच्च वर्गका लागि अन्तहीन सम्पत्ति सञ्चितिको प्रक्रियामा आवश्यक भविष्यका दास श्रमिकहरू निर्माण गर्ने राज्यसत्ताको प्रक्रियासँग जोडिएको सन्दर्भलाई सङ्केत गरेको छ ।

'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा आर्थिक स्रोतमाथिको नियन्त्रण वर्चस्वको प्रमुख आधार भएको विचार व्यक्त भएको छ । यस कवितामा उच्चवर्गीय आर्थिक प्रभुत्वलाई निम्नवर्गीय उत्पीडनको मूल आधारका रूपमा चित्रित गरिएको छ साथै श्रमशक्तिको नियन्त्रण नै आर्थिक वर्चस्वको प्रमुख आधार भएको चिन्तन प्रस्तुत भएको छ । निम्नवर्गीय नारीहरूका जीवनकै कष्टकर क्षणमाथि पनि उच्च वर्गकै नियन्त्रण हुने स्थिति राजनीतिक सत्ताको वर्चस्व नै हो । यो समाजमा विद्यमान राज्यव्यवस्थाले निम्नवर्गीय नारीमाथि बलपूर्वक गरेको दमन नै हो ।

## ३.२ सामाजिक-सांस्कृतिक वर्चस्व

वर्चस्वको मूल आधार अर्थव्यवस्था हो भने संस्कृति र विचारधारा यसैका परिणति हुन् । आधार र उपरिसंरचनाको एकत्वमा नै आधारभूत ऐतिहासिक एकत्वको निर्माण हुन्छ (ग्राम्ची, सन् १९९९, पृ. २०२) । अर्थव्यवस्थाका जगमा निर्माण भएका धर्म, संस्कृति, मूल्यमान्यता र विचारधाराहरूले वर्चस्वलाई झनै बलियो बनाउन मदत गरिराखेका हुन्छन् । आर्थिक आधारमाथिको नियन्त्रणकै आधारमा राज्यसत्ताले आफूअनुकूलका नीतिनियम, मूल्यमान्यता, संस्कृतिहरूको निर्माण गर्दछ र त्यही अनुरूपकै विचारधाराको पनि निर्माण गर्दछ । वर्चस्वको विचारधारा राजनीति, प्रचार, धर्म, लोकसाहित्य जुनसुकै रूपमा पनि आउन सक्छ र यो मूल रूपमा बलप्रयोग र सहमति गरी दुई आधारमा प्रकट भएको हुन्छ (ग्राम्ची, सन् १९९९, पृ.२०२) । ग्राम्चीले निम्नवर्गीय प्रभुत्व कायम गर्न सांस्कृतिक क्षेत्रको भूमिकालाई सक्रिय बनाउनुपर्ने कुरामा जोड दिएका छन् (Gramci, 1999, p. 193) । उनले नागरिक समाजको सर्वोच्चता प्रभुत्व र बौद्धिक र नैतिक नेतृत्वबाट प्राप्त हुने कुनै धारणा राखेका छन् । विचारधाराले निश्चित वर्गका स्वार्थहरूको प्रतिनिधित्व गर्दछ । वर्ग विशेषको स्वार्थ अनुकूल सामाजिक जीवनलाई व्यवस्थित र पुनर्व्यवस्थित गर्ने अभिप्रेरणाबाट विचारधारा प्रतिपादित भएको हुन्छ (चापागाईं, २०६७, पृ. ८०) । वर्गीय समाजमा शासकवर्गीय विचारधारा उनीहरूको स्वार्थविस्तारका लागि

निर्माण भएका आर्थिक, सांस्कृतिक, कानुनी, राजनीतिक, नैतिकलगायत मूल्यहरूको प्रणाली हो । वर्गीय समाजमा शासक वर्गका विरुद्ध अन्य वर्गहरूको पनि अस्तित्व रहने हुनाले सामाजिक बनोट भित्रबाटै विरोधी वर्गहरूको विचारधारा विकसित हुन्छ । कलासाहित्यले पनि यथार्थको प्रतिबिम्बनका माध्यमबाट त्यस प्रभुत्वशाली विचारधाराको विरोध गर्न थाल्दछ (चापागाईं, २०६७, पृ. ८०) । राज्य यहाँ नेतृत्व वर्ग वा उच्च वर्ग हो भने नागरिक समाज उत्पीडित वर्ग हो । दमन वा प्रभुत्वको मूल स्रोत नेतृत्वमा हुने र राजनीतिक वर्चस्वको मूल स्रोतका रूपमा सरकार हुने हुँदा सत्ताधारी वर्गले आफ्नो सत्तास्वार्थकै लागि पनि राजनीतिक नेतृत्वका रूपमा वर्चस्वको अभ्यास गर्दछ भन्ने (भट्टराई, २०७७, पृ. ३३) । यस्तो अवस्थामा राजनीतिक सत्ताका विरुद्ध जनताको प्रभुत्वका लागि बौद्धिक र सांस्कृतिक क्षेत्रको अहम् भूमिका हुनुपर्छ । उपरिसंरचनाका विविध विचारधारात्मक रूपहरूलाई उत्पीडित वर्ग र समुदायका पक्षमा लगाउनुपर्ने कुरामा जोड दिइनुपर्छ भन्ने ग्राम्चीको मान्यता छ ।

'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा नेपाली निम्नवर्गीय एवं निम्नजातीय जनतामाथि संस्कृति र विचारधाराका माध्यमबाट कायम गरिएका वर्चस्वका विभिन्न अवस्था चित्रण गरिएको छ । यस कवितामा नेपाली वर्गीय व्यवस्थायुक्त समाजमा सामाजिक-सांस्कृतिक व्यवस्थाले त्यही अनुरूपका विचारधाराको निर्माण गरी निम्न वर्गमाथिको वर्चस्वलाई झन् तीव्र बनाएको अवस्था प्रस्तुत गरिएको छ । नेपाली समाजमा वर्गीय संरचनालाई बलियो बनाउन वर्णव्यवस्था र लिङ्गव्यवस्था छ । यिनीहरूले एक आपसमा अन्तर्संरचित रहेर निम्नवर्गीय एवम् निम्नजातीय पुरुष र नारी दुवैमाथि वर्चस्व कायम गरेको तथा अझै यस वर्गका नारीहरू भने ती बाहेकका वर्चस्वबाट पनि प्रताडित भएको अवस्था देखाइएको छ । कवितामा निम्न वर्ग र जातका नारीहरूमाथि सामाजिक-सांस्कृतिक आधारमा कायम भएको वर्चस्वले पुरुषलाई ईश्वरका रूपमा प्रतिस्थापन गरेको र नारीलाई पुरुषको दासका रूपमा उभ्याएको विचारलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । पितृसत्तात्मक समाजमा निम्नवर्गीय एवं निम्नजातीय नारीमाथि सामाजिक-सांस्कृतिक आधारमा कायम गरिएको वर्चस्वको अवस्था कवितामा यस प्रकार व्यक्त भएको छ :

यसको गोडा पखालेको पानी खानु साँझबिहान
यो तेरो देउता हो भनी
बूढी बज्यैले भन्दा
घुम्टोभित्र म रोएकी
खै कसरी देखाऊँ गालामा आँशुको डोब बस्दैन हजुर
पहरामा खहरेको डोब बसे जस्तो । (पारिजात, २०५४, पृ. १२६)

कवितांशमा विवाहमण्डपमा नै लोग्नेलाई देउता भनी चिनाएर उसका लातबात सबै सहन गर्न तयार तुल्याइएको सन्दर्भमार्फत पितृसत्तात्मक वर्चस्वलाई प्रतिबिम्बित गरिएको छ। महिलामाथिको यो पितृसत्तात्मक वर्चस्व विवाहपद्धतिलाई सांस्कृतिक स्वरूप प्रदान गरेर कायम गरिएको पितृसत्तात्मक विचारधाराद्वारा निर्देशित छ । यहाँ लोग्नेलाई देउता सम्झेर साँझबिहान खुट्टाको पानी खानुपर्ने र उसका लातबात सबै सहनुपर्ने व्यवस्था पितृसत्तात्मक अर्थराजनीतिक परिपाटीयुक्त समाजको परिणति हो । यहाँ पुरुष आर्थिक स्वामित्वको अधिकारी भएकाले सत्तावान् भएको र यही कारण शक्तिशाली भएको छ। नारी जीविकाका लागि पुरुषाश्रित भएकीले पुरुषकी दासी र सेवकका रूपमा उपस्थापन भएकी छ (शर्मा, २०७७, पृ. ५८) । यो आवरणमा शान्तिपूर्ण देखिए पनि नारीहरूलाई नारीहरूमाथि बलपूर्वक गरिएको दमन नै हो । यहाँ पितृसत्ताकेन्द्री विवाहसंस्कृति नारीमाथिको वर्चस्वको एक आधार हो । कवितामा विवाहसंस्कृतिले पितृसत्ताको

आधारभूत एकाइका रूपमा रहेर नारीहरूमाथि वर्चस्व कायम गर्दछ भन्ने दृष्टिकोण प्रस्तुत भएको छ । कवितामा 'म' पात्रले व्यक्त गरेका आफ्नो इच्छाअनुरूप नभई अरूको रोजाइमा अधबैँसेसँग बिहे गर्नुपरेको, लोग्नेलाई जग्गेमा मात्र देखेको, लोग्नेलाई देउता मान्नुपर्ने कुरा सिकाइएको, हिलो र माटोमा सन्तान जन्माएको जस्ता अवस्था महिलाहरूको श्रमशक्तिको नियन्त्रणका आवश्यकतामा पितृसत्तात्मक समाजव्यवस्थाले निर्माण गरेका संस्कृति र विचारधाराबाट निर्देशित र परिपोषित छन् । कवितामा आएका उपर्युक्त सन्दर्भहरू पारिवारिक स्वरूपभित्र र बाहिर दुवैमा आर्थिक संरचनाको मालिक पुरुष नै हुने सामाजिक-सांस्कृतिक व्यवस्थाले निर्माण गरेका वर्चस्वका परिणति नै हुन् । पितृसत्तात्मक समाजका सांस्कृतिक र विचारधारात्मक वर्चस्वले नै नारीहरूलाई 'साँझबिहान लोग्नेको गोडा पखालेको पानी खानुपर्ने र उसलाई देवता मानेर सबै लातबात चुपचाप सहनुपर्ने' परिस्थिति सिर्जना गरेको हो । नारी र पुरुषबिचका सम्बन्धहरू पितृसत्तात्मक वर्चस्वमा आधारित भएकाले नै नारीहरूलाई 'विवाहको घुम्टोभित्रै' 'खहरेको भेल जसरी' रुनुपरेको हो । नारीमाथिको यो वर्चस्व पितृसत्ताको बलमार्फत विवाहलाई सांस्कृतिक स्वरूप प्रदान गरी कायम गरिएको हो ।

'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा नेपाली समाजको सामन्तवादी उत्पादनव्यवस्थासँग अन्तर्संरचित भएका वर्णविभाजन र लिङ्गविभाजन मानव मानवबिच विभेदीकरणका अभिप्रायले निर्मित भएका सामाजिक-सांस्कृतिक संरचना भएको विचार व्यक्त भएको छ । यस कवितामा उच्चवर्गीय वर्चस्वको सबलीकरणका लागि यी सामाजिक-सांस्कृतिक स्वरूप निर्माण भएका हुन् भन्ने अन्तर्य कवितामा प्रस्तुत भएको छ । निम्नवर्गीय र निम्नजातीय पुरुषका पसिना र त्यस वर्ग र जातका नारीहरूका आँसुको रङ एउटै भएको भनाइमार्फत नारी र पुरुषमाथिका वर्चस्व संस्कृतिद्वारा परिपोषित रहेको विचार यसरी व्यक्त गरिएको छ :

कामी रुने होइन कहिल्यै
उसका पसिनाको रंग
र मेरो आँशुको रंग
एउटै छ हजुर । (पारिजात, २०५४, पृ. १२६)

उपर्युक्त कवितांशमा 'पसिनाको रङ र आँसुको रङ एउटै भएको' बिम्बमार्फत जातीय र लैङ्गिक दमनको अवधारणा सांस्कृतिक र विचारधारात्मक शोषणपद्धति भएको चिन्तन अभिव्यक्त भएको छ । यहाँ फलामको कालो रङ र ध्वाँसो मैलो रङमा सुन्दरता आरोपित छ, सुन्दर र सौन्दर्यलाई श्रमसँग जोड्ने यो चेतना मार्क्सवादी सौन्दर्यबोधी चेतना हो (पाण्डेय, २०६५, पृ. १५६) जसले श्रमको परिणतिलाई सुन्दर ठानेको छ । यहाँ निम्नवर्गीय महिला र पुरुष दुवै इतिहासको लामो कालखण्डदेखि राज्यसत्ताको सांस्कृतिक वर्चस्वबाट प्रताडित रहेकाले निरन्तर आँसु र पसिना बगाउन बाध्य छन् । यहाँ आँसु र पसिना सांस्कृतिक वर्चस्वकै परिणति हुन् जसले नारी र पुरुष दुवैलाई प्रताडित तुल्याएको छ । सामाजिक-सांस्कृतिक वर्चस्वले प्रताडित तुल्याए पनि कामी कहिल्यै नरूने अवस्था समाजमा रहेको पुरुषत्वले निर्माण गरेको हो जसले पुरुषहरूलाई कोमल तथा भावनात्मक देखिन बन्देज लगाएको छ । समाजमा रहेका विभेदकारी संस्कृति र विचारधाराबाट प्रताडित रहँदा रहँदै पनि पुरुष भावुक बन्न र आँसु खसाल्न नसक्ने परिस्थिति फेरि पितृसत्तात्मक विचारधाराकै परिणति हो जसलाई यहाँको कामी पात्रले बहन गरेको छ ।

'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा सामाजिक विभेदीकरणका प्रक्रियामा वर्णव्यवस्थाले वर्चस्वको आधार तय गरेको र यसमार्फत वर्चस्वको स्वरूप झनै निर्मम र तीव्र बनेको विचार प्रस्तुत भएको छ । कवितामा विभेदीकरणको

यो प्रक्रिया सांस्कृतिक आधारमा तय भएको र यसले नारीमाथिको वर्चस्वलाई झनै तीव्र बनाएको अवस्था चित्रण गरिएको छ :

गरिबीभन्दा अर्को छनोट नै के छ र जीवनमा
म पनि त चायाँ र कलेटीले
तर्साउने जस्तै भइसकें
के म स्वास्नीमान्छे जस्ती छु र ? (पारिजात, २०५४, पृ. १२६)

उपर्युक्त कवितांशमा निम्नवर्गीय निम्नजातीयहरूको गरिबीको प्रमुख आधार वर्णविभाजन प्रक्रियामार्फत गरिएको सांस्कृतिक वर्चस्व भएको विचार प्रस्तुत छ । यहाँ दलित नारीद्वारा व्यक्त गरिएको 'गरिबीभन्दा अर्को छनोट के छ र जीवनमा' भनाइले निम्नवर्गीयहरूका लागि गरिबीभन्दा अर्को छनोटको विषय नभएको अवस्थालाई व्यञ्जित गरेको छ साथै निम्न वर्गमाथिका सबै खालका शोषण, दमन र उत्पीडन वर्णविभाजनमार्फत गरिएको सांस्कृतिक विभेदीकरणको प्रक्रियाकै परिणति भएको अन्तर्य प्रस्तुत छ । यो सांस्कृतिक उत्पीडनको अन्तर्सम्बन्ध समाजको कुनै एक संरचना र संस्थासँग मात्र नभएर समग्र राज्यसञ्चालनको पद्धतिसँग जोडिएकाले नै शासितहरूलाई 'गरिबीभन्दा अर्को छनोटको अवसर' नभएको हो । यहाँ राज्यसत्ताले राजनीतिक बलमार्फत सामाजिक र सांस्कृतिक आधारहरूमाथि कब्जा जमाएर वर्चस्वको अधिकारी बनेकाले नै श्रमशील वर्ग विकल्पहीन गरिबी भोग्न बाध्य भएको हो । यहाँ जीवनभर पसिना बगाउँदा पनि चायाँ र कलेटी परेको शरीर बनाउनुपर्ने अवस्था वर्चस्वको परिणति हो ।

'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा उच्चवर्गीय प्रभुत्वविरोधी सर्वहारावर्गीय विचारधारा व्यञ्जित भएको छ । यस कवितामा श्रम गर्ने वर्गले श्रमको मूल्य प्राप्त गर्नुपर्छ भन्ने चिन्तन छ । यहाँ श्रमको मूल्य प्रदान नगर्ने पद्धति कुनै एक व्यक्तिसित भन्दा राज्य र यसको शासनपद्धतिसँग जोडिएको तथा आर्थिक र सामाजिक-सांस्कृतिक वर्चस्वको परिणति भएको चिन्तन प्रस्तुत छ । यो राज्यसत्ताद्वारा वर्चस्व कायम गरिएका निम्न वर्गमा विकसित भएको वर्चस्वविरोधी विचारधारा हो । यो निम्नवर्गीय विचारधारालाई कवितामा यस प्रकार व्यञ्जित गरिएको छ :

खै कुन्नी कस्तो अनौठो
मेरो आँखा र ओठमा नफुलेर मेरो जोबन
अर्काको सम्पत्तिमा फुल्ने रे ! (पारिजात, २०५४, पृ. १२४)

उपर्युक्त कवितांशमा निम्नवर्गीयहरूको जीवन र यौवन दुवैमाथि उच्च वर्गको नियन्त्रण रहने अवस्थाप्रति असहमती छ । यहाँ स्वास्नीमान्छेले 'आफ्नो जोबन अर्काको सम्पत्तिमा फुलेको' कुरा गर्नु आफ्नो श्रमको शोषण भएको यथार्थबोध गर्नु हो (पाण्डेय, २०६५, पृ. १५५) । यहाँ आफ्नो आँखा र ओठमा नफुलेर यौवन अर्काका सम्पत्तिमा फुल्ने अवस्था विरूप यथार्थ भएको बोध गरिएको छ । यसै बिम्बमार्फत निम्नवर्गीय नारीहरूको अस्तित्वमाथि भएको उच्चवर्गीय वर्चस्वप्रति असहमती जनाइएको छ । यहाँ श्रमसाध्य कठोर दैनिकी बिताउने दलित महिलाहरूले आफ्ना कठोर दैनिकीबिच यौवनको स्वभाविक अनुभूति गर्नै नपाउने यथार्थप्रति (पाण्डेय, २०६५, पृ. १३६) दलित दलित नारी पात्रको अस्वीकृति देखिन्छ । कवितामा प्रस्तुत यस विचारधारामा शासकवर्गीय प्रभुत्वको विरोध गरिएको छ ।

'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा दलित नारीहरूमाथि राजनीतिक सत्ताले स्थापित गरेको वर्चस्वको अस्वीकृतिसहित सर्वहारावर्गीय विचारधारा प्रस्तुत भएको छ । कवितामा नारी पात्रले व्यक्त गरेको श्रम गर्नेले खान पाउनुपर्छ भन्ने विचार सर्वहारावर्गीय चेतना हो ।

ज्यू ज्यू काम गर्नेहरूले खान पाउनुपर्छ
भन्ने कुरा
भर्खर भर्खर पो थाहा पाउन थालेकी छु हजूर ! (पारिजात, २०५४, पृ. १२६)

उपर्युक्त कविताांशमा दलित नारीमा उब्जिएको काम गर्नेहरूले खान पाउनुपर्छ भन्ने चेतना उच्चवर्गीय वर्चस्वविरोधी चेतना हो । श्रमको परिणाममाथि श्रम गर्नेहरूकै अधिकार हुनुपर्छ दलित नारीको यस्तो चिन्तन सर्वहारावर्गीय वर्चस्वको अभिलाषा व्यक्त भएको सुन्दर चेतना हो । यहाँ आधार र उपरिसंरचना दुवैमार्फत बलपूर्वक वर्चस्वमा पारिएकी निम्न वर्ग र दलित नारीमा अधिकारको चेतना जागृत भएको देखाएर सर्वहारावर्गीय चेतना प्रस्तुत गरिएको छ ।

'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा वर्गीय समाजमा संस्कृति र विचारधाराहरू निम्न वर्गमाथिको वर्चस्वलाई तीव्र बनाउने आधार हुन् भन्ने विचार व्यक्त भएको छ । यस कवितामा कविनिबद्ध वक्ताका रूपमा आएकी निम्नवर्गीय एवं निम्नजातीय 'म' पात्रमाथि सामाजिक-सांस्कृतिक आधारहरूले वर्चस्व कायम गरेको अवस्था देखाएर राज्यसत्ताका संस्कृति र विचारधाराहरू निम्न वर्गमाथि शासन गर्ने आधार भएको दृष्टिकोण प्रस्तुत गरिएको छ ।

## ४. निष्कर्ष

पारिजातको 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा पितृसत्ताकेन्द्री उच्चवर्गीय वर्चस्व आर्थिक, सामाजिक र सांस्कृतिक आधारबाट निर्मित भएको दृष्टिकोण प्रस्तुत भएको छ । यस कवितामा उच्चवर्गीय वर्चस्व आर्थिक नियन्त्रणका आधारमा गरिएको श्रमविभाजन र श्रमशोषणमा मुख्य रूपमा संरचित रहेको र सांस्कृतिक तथा विचारधारात्मक मूल्यहरूले यसलाई झनै तीव्र बनाएको चिन्तन प्रस्तुत गरिएको छ । यस कवितामा श्रमविभाजनको प्रक्रिया श्रमशक्तिको शोषणको आधार भएको र यसले मानव मानवबिच विभेदीकरणको पद्धति विकास गरेको हो भन्ने विचारलाई एउटी निम्नवर्गीय एवं निम्नजातीय नारीपात्रका अवस्था, भनाइ र विचारमार्फत व्यञ्जित गरिएको छ । यहाँ राज्यसत्ता राजनीतिक बलमार्फत आर्थिक आधारहरूमाथि कब्जा जमाएकै आधारमा बर्चस्वको अधिकारी बनेकाले श्रमशील वर्गमाथि वर्चस्व कायम गरेको र यस अवस्थालाई सामाजिक तथा सांस्कृतिक वर्चस्वले झनै तीव्र बनाएको चिन्तन व्यक्त भएको छ । यस कवितामा श्रमलाई सुन्दर ठानिएको छ र उच्च वर्गले सांस्कृतिक प्रभुत्वमार्फत निम्न वर्गको श्रमशक्तिमाथि नियन्त्रण कायम गरेको देखाएर नेपाली पितृसत्तात्मक वर्गीय समाजको सामाजिक-सांस्कृतिक प्रभुत्वको अवस्थालाई चित्रित गरिएको छ । यस कवितामा प्रस्तुत भएको पसिनाको रङलाई सर्वाधिक महत्त्व दिने चेतना र पसिनाको मूल्यको खोजी गर्ने चेतनाले निम्न वर्गमाथिको शासकवर्गीय आर्थिक सांस्कृतिक नियन्त्रणलाई अस्वीकृत गर्दै सर्वहारावर्गीय वर्चस्वलाई समर्थन गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची

चापागाईं, निनु (२०६७), 'मार्क्सवादी समालोचना विधि र मानदण्ड', *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य,* घनश्याम ढकाल र अन्य (सम्पा.), काठमाडौँ : अखिल नेपाल लेखक सङ्घ, पृ. ५९–१०० ।

पाण्डेय, ताराकान्त (२०६५), *अर्थभ्रान्तिको उत्तरचेतनाका विरुद्ध,* काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

पाण्डेय, ताराकान्त (२०७८), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पारिजात (२०५४), *पारिजातको संकलित रचनाहरू,* ग्रन्थ ५, सिक्किम : निर्माण प्रकाशन ।

बराल, ऋषिराज (२०७७), *मार्क्सवाद र सबाल्टर्न अध्ययन* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

शर्मा, अमृता (२०७७, फागुन), 'समकालीन नेपाली कवितामा नारीवादी चेतना', *भृकुटी,* २३, पृ. ४३–६८ ।

Bocock, Robert (1986). *Hegemony*. London and New York : Tavistock Publications.

Gramci, Antonio (1999). *Selections From The Prison Notebooks*. Quentin Hoare and Geoffrey Nowell Smith (tran. and ed.). London : Elecbook.